श्री साझा पावर कम्पनी लिमिटेड

थापाथली-११, काठमाण्डौ

तल्लो बलेफी जलविद्युत आयोजना-लामोसाँघु सबस्टेसन ३३ के.भी. विद्युत

प्रसारण लाइन आयोजना (डबल सर्किट) को संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारीको लागि सार्वजनिक सुनुवाई सम्बन्धि सूचना

(वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ को उपनियम (४) सँग सम्बन्धित)

(प्रकाशित मितिः २०८३/०६/०५ गते)

बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला, बलेफी र सुनकोशी गाउँपालिकामा श्री साझा पावर कम्पनी लिमिटेडद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

प्रस्तावकको नाम र ठेगाना	श्री साझा पावर कम्पनी लिमिटेड थापाथली-११, काठमाण्डौ फोन नं.: ०१-५१११०१५, ९८४५८७३७८९ इमेलः sajhapower2022@gmail.com
प्रस्तावको व्यहोरा	बागमती प्रदेश अन्तर्गतको सिन्धुपाल्चोक जिल्लाको बलेफी र सुनकोशी गाउँपालिकामा तल्लो बलेफी जलविद्युत आयोजना-लामोसाँघु सबस्टेसन ३३ के.भी. विद्युत प्रसारण लाइन आयोजना निर्माणको प्रस्ताव गरिएको छ। करिब ८.०३४ किलोमिटर लम्बाई भएको यस ३३ के.भी. क्षमताको डबल सर्किट विद्युत प्रसारण लाइन बलेफी गाउँपालिका वडा नं. ४ र ५ मा अवस्थित तल्लो बलेफी जलविद्युत आयोजनाको स्विचयार्ड देखी शुरु भई सुनकोशी गाउँपालिका वडा नं. ७ मा अवस्थित नेपाल विद्युत प्राधिकरणको लामोसाँघु सबस्टेसनमा पुगेर टुंगिनेछ। यस आयोजनाको राइट अफ वे (RoW) पोलको मध्य भागबाट दुवैतर्फ ३/३ मिटर गरी कुल ६ मिटर कायम गरिएको छ। विद्युत प्रवाहका लागि यस प्रसारण लाइनमा ACSR "WOLF" कन्डक्टर प्रयोग गरिनेछ। प्रसारण लाइन अन्तर्गत स्टिल टेलिस्कोपीक पोलहरू (Galvanized Octagonal Telescopic pole) निर्माण गरिनेछन्।
प्रभाव पर्ने प्रदेश/जिल्ला/न.पा./वडा नं.	बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला, बलेफी गाउँपालिका वडा नं.४ र ५ र सुनकोशी गाउँपालिका वडा नं. ७

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारीको सिलसिलामा प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुने क्षेत्रमा प्रस्तावको बारेमा सार्वजनिक सुनुवाईको आयोजना गरी राय सुझाव संकलन गर्नु पर्ने भएकोले स्थानीय समुदाय लगायत सबै सरोकारवालाहरुलाई उक्त प्रस्तावको कार्यान्वयनबाट सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ, र सो बाट पर्ने नकारात्मक प्रभावको निराकरण र सकारात्मक प्रभावको बढोत्तरी गर्न के गर्न सकिन्छ भन्ने लगायतका विषयमा निम्न मिति, समय र स्थानमा आयोजना गरिने सार्वजनिक सुनुवाईमा उपस्थित भई आ-आफ्नो राय सुझाव उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गरिन्छ।

नोटः आयोजनाले असर पार्ने सार्वजनिक संरचना र प्रभावित घरधुरीको विवरण (संरचना र जग्गा) प्रभावित वडा कार्यालयहरुको सुचना पाटीमा टाँस गरिएको छ।

कार्यक्रम हुने मिति, समय र स्थान		
मिति	**समय**	**स्थान**
२०८३/०६/१२ गते, सोमबार	बिहान ९:०० बजे	बलेफी गाउँपालिकाको कार्यालय
	दिउँसो २.०० बजे	सुनकोशी गाउँपालिका वडा नं. ७ को कार्यालय

आयोजकः

प्रस्तावकको नाम र ठेगाना	**परामर्शदाताको नाम र ठेगाना**
श्री साझा पावर कम्पनी लिमिटेड थापाथली-११, काठमाण्डौ फोनः ०१-५१११०१५, ९८४५८७३७८९ ई-मेलः sajhapower2022@gmail.com	श्री इन्भइनर्जी विज प्रा.लि. बुद्धनगर, काठमाडौं, नेपाल सम्पर्क नं.: ९८०१०१०११६ ईमेलः info@invenerzi.com.np